
# पोखरा महानगरपालिका

## पुष्प खेति प्रबर्दन कार्यक्रम – सयपत्री खेति प्रबिधि अभिमुखिकरण तथा ५० % लागत साझेदारीमा बिउ तथा मल्चिंग प्लास्टिक वितरण




| बेर्नाको दिन | १५-२० दिन |
|---|---|
| पहिलो पात को संख्या | ४-५ पात |
| उपयुक्त समय | साँझपख (घाम धेरै नभयको बेला) |
| बेर्ना रोप्ने खाल्डोको गहिराई | ४-५ सेमी |




मिति २०८२ असार १४ गते ११:०० बजे BPC Hall पोखरा सभागृह















**आयोजक**

आर्थिक बिकास महाशाखा
कृषि बिकास शाखा


welcome


10/28/2024 09:47


सयपत्री फूल खेती प्रविधि
(Marigold Flower Cultivation Technology)


Marigold
Karma-555


AmeriSeed


Commercially potential species
Tagetus erecta
African Marigold
Tagetes patula
French marigold
Tagetes tenuifolia /
T. signata
Signet marigold






03 असार २०८२

Jun/Jul 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिहि THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| चतुर्थी १ 15 | पञ्चमी २ 16 | षष्ठी ३ 17 | सप्तमी ४ 18 | अष्टमी ५ 19 | नवमी ६ 20 | दशमी ७ 21 |
| द्वादशी ८ 22 | त्रयोदशी ९ 23 | चतुर्दशी १० 24 | औंसी ११ 25 | प्रतिपदा १२ 26 | द्वितिया १३ 27 | तृतीया १४ 28 |
| चतुर्थी १५ 29 | पञ्चमी १६ 30 | षष्ठी १७ 01 Jul | सप्तमी १८ 02 | अष्टमी १९ 03 | नवमी २० 04 | दशमी २१ 05 |
| एकादशी २२ 06 | द्वादशी २३ 07 | त्रयोदशी २४ 08 | चतुर्दशी २५ 09 | पूर्णिमा २६ 10 | प्रतिपदा २७ 11 | द्वितिया २८ 12 |
| तृतीया २९ 13 | चतुर्थी ३० 14 | पञ्चमी ३१ 15 | षष्ठी ३२ 16 | | | |

१५ गते राष्ट्रिय धान दिवस (दही चिउरा खाने दिन)
२२ गते हरिशयनी एकादशी, तुलसी रोप्ने

बिहे साईत : छैन ।

११२ दिन



०७ कार्तिक २०८२


Oct/Nov 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिहि THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| द्वादशी ३० 16 | | | | | | द्वादशी १ 18 |
| त्रयोदशी २ 19 | चतुर्दशी ३ 20 | औंसी ४ 21 | प्रतिपदा ५ 22 | द्वितिया ६ 23 | तृतीया ७ 24 | चतुर्थी ८ 25 |
| पञ्चमी ९ 26 | पञ्चमी १० 27 | षष्ठी ११ 28 | सप्तमी १२ 29 | अष्टमी १३ 30 | नवमी १४ 31 | दशमी १५ 01 Nov |
| एकादशी १६ 02 | त्रयोदशी १७ 03 | चतुर्दशी १८ 04 | पूर्णिमा १९ 05 | प्रतिपदा २० 06 | द्वितिया २१ 07 | तृतीया २२ 08 |
| पञ्चमी २३ 09 | षष्ठी २४ 10 | सप्तमी २५ 11 | अष्टमी २६ 12 | नवमी २७ 13 | दशमी २८ 14 | एकादशी २९ 15 |

२ गते काग तिहार, धन्वन्तरी जयन्ती
३ गते कुकुर तिहार, लक्ष्मी पुजा
५ गते गाईपुजा, गोरुपुजा, गोवर्धन पुजा, म्हपुजा, ने.सं. ११४६ सुरु
६ गते भाई टिका
१० गते छठ पर्व
२५ गते फाल्गुनन्द जयन्ती

बिहे साईत : छैन ।

# सयपत्री फूलको यात्रा



## उत्पत्ति

सयपत्रीको उत्पत्ति मेक्सिको र ग्वाटेमालामा भएको मानिन्छ।

## युरोपमा विस्तार

१६औं शताब्दीमा दक्षिण अमेरिकाबाट अफ्रिका हुँदै युरोपमा सयपत्रीको खेती सुरु भयो।

## भारतमा प्रवेश

१६औं शताब्दीको अन्त्यतिर पोर्चुगलबाट सयपत्री भारतमा प्रवेश गर्यो।

## नेपालमा प्रवेश

नेपालमा सयपत्रीको प्रवेश १७औं शताब्दीमा भएको अनुमान गरिन्छ।

•चाडपर्व मुखी फुल को प्रयोग आजकल दिनदिनै हुन थालेको छ। धेरै फुलहरु मध्येको सयपत्री एक सिजनल फुल हो, जसको प्रयोग तिहारमा व्यापक र अन्य दिनमा समेत प्रयोग बढदो छ।

•खुल्ला तथा बन्द वातावरणमा खेती गर्न सकिने, सजिलो, धेरै क्षेत्रमा अनुकुलन हुने, छोटो समयमा ,बिभिन्न रंग तथा आकारका , बजार मूल्य बढी र केही समयसम्म भण्डारण गरिने कारणले गर्दा सयपत्री प्रति चासो बढेको छ।

• प्लाष्टिक घर भित्र गोलभेंडा खेती गर्दा घरको चारैतिर सयपत्री रोप्दा फुलको कारणबाट कीरालाई फसाउने र जराको कारणबाट निमाटोड व्यवस्थापनको लागि पनि सहयोग पुर्‍याउँदछ।

• सिजनमा सानो क्षेत्रमा समेत खेती गर्न सकिने, हरियाली र सौन्दर्य दिने, पछिल्लो समयमा बढेका आकर्षण तथा लगानी को कारण फुल खेती तर्फ आत्मनिर्भर बन्नको लागि सयपत्री खेती अभियान संचालन गर्नुपर्दछ।

•**महत्व र प्रयोग:**

•नेपालमा तिहार, पूजा-आजा र सजावटमा अत्यधिक प्रयोग।

•सरलताको प्रतीक।

•ज्यान्थोफिल र क्यारोटिनोइड रसायन पाइने, जसले अण्डाको गुणस्तर, कुखुराको छालाको स्वास्थ्य सुधार गर्छ र क्यान्सर तथा ट्युमर निको पार्न मद्‌दत गर्छ।

•लुटिन नामक रसायन पाइने, जुन खाद्‌य रंगका रूपमा र आँखाको रेटिना सम्बन्धी रोग (Macular degeneration) रोक्न उपयोगी।

•कपडा रंगाउन र बिरुवामा लाग्ने जुका (Nematodes) तथा चुसेर खाने कीरा नियन्त्रणमा प्रभावकारी।

•ब्याक्टेरियानाशक गुण भएको।

•माहुरीपालनका लागि उपयोगी।


•सुकाएर चियाका रूपमा प्रयोग गर्दा ग्यास्ट्रिक, अल्सर, एसिडिटी जस्ता पेटसम्बन्धी रोगमा लाभदायी।

•पिसेर अनुहारमा लगाउँदा छाला चिल्लो हुने र घाउ निको हुने।

•रातभर भिजाएको पानीले आँखाको संक्रमणबाट जोगाउने।

•विभिन्न कस्मेटिक उत्पादन र वैकल्पिक उपचार पद्‌धतिमा प्रयोग हुने।

# सयपत्रीको विशेषताहरू



•वानस्पतिक विवरण अनुसार, सयपत्री (Tagetes sp.) Asteraceae परिवार अन्तर्गत पर्ने एकवर्षीय वा कहिलेकाहीँ बहुवर्षीय वनस्पति हो।

• यसमा अनगिन्ती पुष्पदलहरू मिलेर एउटा फूल बन्ने भएकाले यसलाई नेपालीमा सयपत्री फूल भनिएको हो।

•पश्चिम नेपालमा यसलाई 'हजारी फूल' पनि भनिन्छ।

•यो कमलको डाँठ हुने, एकवर्षीय दुईदलिय (Herbaceous annual dicotyledon) वनस्पति हो। प्रजाति अनुसार, परिपक्व बोटको उचाइ १.० मिटरसम्म र बोट १०-१०० से.मी. सम्म फैलिएको हुन्छ।

•सयपत्रीका पातहरू लामा, धेरै चिरा परेका र काण्ड वा हाँगामा विपरित दिशामा हुने गरी निस्केका हुन्छन्। काण्ड ८०-९० से.मी. लामो हुन्छ र प्रशस्त मात्रामा सा-साना जराका प्रारूपहरू निस्केका हुन्छन्।

•जात र हावापानी अनुसार विविधता रहे पनि, साधारणतया सयपत्रीको बीउ उम्रेको ५० देखि ७० दिनमा फूल लाग्दछ। मुख्य काण्डको टुप्पामा वा हाँगाको टुप्पामा फूल लाग्दछ। एउटा बोटमा १०० देखि २५० वटा फूल लाग्न सक्छन् र फूलहरू एक्ला एक्लै वा जोडीमा लागेका हुन्छन्।

•पहिलो फूल फुलेको २ महिनाभन्दा बढी समयसम्म नयाँ फूलहरू फुल्न सक्छन्। फूलहरू सहज किसिमले परसेचित (self-pollinated) हुन्छन्।

•प्रजाति अनुसार फूलको आकारमा भिन्नता हुन्छ। फूलको रङमा पनि धेरै विविधता हुन्छ, जस्तैः सुन्तला, गाढा सुन्तला, सुनौलो, पहेंलो, फिका पहेंलो, क्रिम रङ, कागती रङ लगायतका रङहरूमा फूल फुल्दछन्।

## हावापानी

- विविध किसिमका हावापानीहरुमा सजिलै अनुकुलन (Adapt) हुन सक्ने सयपत्री फूलको खेती समुन्द्री सतहबाट १५० मिटर देखि २२०० मिटर उचाईसम्म सफलतापूर्क गर्न सकिन्छ ।
- मध्यम प्रकृतिको हावापानी (अत्याधिक गर्मी र अत्याधिक जाडो नहुने) मा यसको वृद्धि विकास एवं उत्पादन राम्रो हुन्छ ।
- रातको तापक्रम १३° से. – १८° से. र दिनको तापक्रम १८° से. – २३° से. सयपत्रीको लागि अति उत्तम हुन्छ । साधारणतय १५° से. देखि २९° से. तापक्रममा यसको वृद्धि विकास राम्रो हुनुको साथै फूलको उत्पादन र गुणस्तर समेत राम्रो हुन्छ ।
- अधिक तापक्रम भएमा बोटको वृद्धि विकास कम हुन्छ जसले गर्दा उत्पादन घट्नुको साथै फूलको आकार समेत सानो हुन्छ ।
- सयपत्री फूलले तुषारो सहन नसक्ने हुनाले हिउँदमा तुषारो पर्ने क्षेत्रमा यसको खेती प्लाष्टिक घरभित्र गर्नु उपयुक्त हुन्छ ।
- फूल फूल्ने समयमा आद्रता अधिक भएमा फूल सड्ने रोग (Botrytis) ले क्षति गर्दछ ।
- प्रशस्त मात्रामा सूर्यको प्रकाश पर्ने ठाउँमा यसको खेती गर्नु पर्दछ । राम्रो वृद्धि विकास र उत्पादनको लागि कम्तिमा दैनिक ६ घण्टा घाम लाग्ने ठाउँ हुनु पर्दछ । सूर्यको प्रकाश कम भएमा फूल कम फूल्छ ।

## माटो

सयपत्री फुल खेति गर्न प्रशस्त प्रांगारिक पदार्थ भएको बलौटे दोमट माटो राम्रो हुन्छ । माटोको पी. एच. ५.५ -६.५ सम्म राम्रो मानिन्छ ।

## पानीको निकास

सयपत्री फुल खेति गर्दा पानीको राम्रो निकासको व्यवस्था मिलाउनु पर्दछ ।जमिनको चारैतर्फ ३० से.मी. गहिरो, ३० से.मी. चौडाईको कुलेसोको व्यवस्था मिलौनुंपर्छ ।यदि निकासको व्यवस्था नभएमा यस फुलको जरा कुहिएर जान्छ ।

## क) अफ्रिकन सयपत्री (*Tagetes erecta*)



- नेपालमा व्यवसायिक रुपमा खेती हुने प्राय सबै जातहरु यसै प्रजाती अन्तर्गत पर्दछन् ।
- यसको बोट अग्लो (करिब ९० से.मी.) र फूल ठूलो हुन्छ ।
- यो प्रजाती माला बनाउनको लागि र घरकोठा, गाडी सजाउनको लागि प्रयोग हुन्छ ।
- यस प्रजातीका फूलहरु प्राय जसो एकल रंगका (छिर्केमिर्के नभएका) हुन्छ ।

## ख) फ्रेन्च सयपत्री (*Tagetes patula*)



- यो प्रजातीको सयपत्रीको बोट होचो (करिब ३० से.मी.) र फूल सानो हुन्छ ।
- विशेष गरेर फ्रेन्च सयपत्री गमला तथा फूलबारीका क्यारीहरु सजाउन र भू-दृश्य सजावटमा प्रयोग हुन्छ ।
- यो प्रजातीका फूलहरु एउटै रंग वा एउटै फूलमा विभिन्न रंग मिश्रित (छिर्केमिर्के) पनि हुन्छन् ।

### क) अफ्रिकन सयपत्रीका जातहरु

१) **कलकत्ता अरेन्जः** ९२ से.मी. बोटको उचाई, ९३ से.मी. बोटको फेलावट, सुन्तला रंगको फूल फुल्ने, प्रति बोट ८-१० वटा हाँगा हुने, बेर्ना रोपेको ४५ दिनमा फूल फुल्न शुरु हुने, ५५-६० दिनमा पहिलो पटक फूल टिप्न शुरु भई लगभग ३ महिनसम्म उपज लिन सकिने, प्रति बोट १.५ के.जी. फूल उत्पादन हुने, प्रति बोट औसत २५० वटा फूल फुल्ने, प्रति फूल ५-६ ग्राम तौल तथा ५-६ से.मी. फूलको साईज भएको, मालाको लागि उपयुक्त ।



२) **अफ्रिकन अरेन्जः** उचाई ५५ देखि ६० सेमी, मुख्य हाँगाहरु १६ देखि १८ वटा, विरुवा रोपेको ५२ देखि ५६ दिनमा पहिलो फूल फुल्ने, औसत प्रति बोट १२५ वटा फूल फूल्ने, फूलको औसत तौल २५ ग्राम, प्रति बोट ३ केजी भन्दा बढी उत्पादन, कट फ्लावर तथा सजावटको लागि उपयुक्त जात ।



३) **टेनिस बलः** ६०-७० से.मी. बोटको उचाई, झाँगिएको बोट, ८-१० ग्राम प्रति फूलको तौल, फूलको साईज ७-८ से.मी., विभिन्न रंगहरुमा उपलब्ध, खदिलो फूल हुने, फूलको आकार लगभग बलको जस्तो हुने, बेर्ना सारेको ६०-६५ दिनमा फूल टिप्न तयार हुने, लामो दुरीमा ढुवानी गर्दा पनि नबिग्रने, उत्पादकत्व उच्च भएको, बजारमा अत्याधिक माग भएको, गर्मी खप्न सक्ने, माला बनाउन अत्यन्त उपयुक्त ।



४) **कर्मा-५५५:** बोटको उचाई ५०-५५ से.मी.को हुने, ६०-७० से.मी. फैलने, आकर्षक सुन्तला रंगको बल आकारको फूल लाग्ने, फूलहरु मध्यम प्रकृतिका खदिलो, प्रति बोट सरदर १.४ के.जी. उत्पादन हुने, फूलको औसत तौल १०-१२ ग्राम हुने, झरी र रोग सहने, माला तथा गच्छा बनाउन उपयुक्त जात ।



अन्य जातहरुमा ईन्का मेरिगोल्ड, बिगटप मेरिगोल्ड, थाई माला, कर्मा अरेन्ज, कर्मा-७७७-अरेन्ज आदि प्रमुख छन् ।

# सयपत्री खेतीको यात्रा




Made with Napkin

- जात, हावापानी, मौसम आदिले असर गर्ने भएतापनि साधारणतय बेर्ना सारेको २ देखि ३ महिनामा फूल टिप्न तयार हुने भएकोले सोही अनुसार क्यालेण्डर बनाई सयपत्री खेती गर्न उपयुक्त हुन्छ ।
- बढी तुषारो पर्ने ठाउँमा तुषारोबाट जोगाउन प्लाष्टिक घरभित्र र बढी गर्मी हुने ठाउँमा सेड नेट भित्र खेती गर्न सकिन्छ ।
- ३५° से. बढि तापक्रम भएमा फूलको गुणस्तर र उत्पादनमा नकरात्मक असर पर्दछ ।

| नर्सरी राख्ने समय | बेर्ना सार्ने समय | उत्पादन हुने समय |
|---|---|---|
| असारको तेश्रो देखि चौथो हप्ता | श्रावण तेश्रो देखि चौथो हप्ता | असोज देखि मंसिर |
| कार्तिक तेश्रो देखि चौथो हप्ता | मंसिर तेश्रो देखि चौथो हप्ता | फाल्गुण देखि वैशाख |
| माघ अन्तिम हप्ता | फाल्गुण अन्तिम हप्ता | वैशाख देखि असार |

### १) बीउबाट (Seed):

सयपत्री फूललाई बीउबाट सजिलै प्रसारण गर्न सकिन्छ ।

- बीउ उम्रनको लागि १८° से. देखि ३०° से. उपयुक्त हुन्छ ।
- बेर्ना उमार्न अन्य तरकारी बालीहरुको नर्सरी गरे जस्तै प्रविधि अवलम्बन गर्न सकिन्छ ।
- वर्षाको समयमा पानी जम्न नदिन नर्सरी ब्याडलाई १५-२० से.मी. उचाईको बनाउनु पर्दछ । बीउहरु २-३ से.मी. गहिराई र ३-५ से.मी. दुरीमा खसाल्नु पर्दछ।
- बाक्लो गरेर बीउ छरेमा फेद कुहिने रोगको प्रकोप बढि हुन सक्छ ।
- साधारणतय बीउ छरेको ५-७ दिनमा बेर्ना उम्रिन्छ ।
- नर्सरी ब्याडमा सिंचाई तथा पानी निकासको उचित प्रबन्ध गर्नु पर्दछ ।
- बीउ रोपेको करिब ३-४ हप्ता वा बेर्ना ४-५ पातको भएपछि सार्न लायक हुन्छ ।





बिरुवाको टुप्पो काटेर (Terminal Cuttings)

**कटिङ तयारी:** बिरुवाबाट करिब १० सेन्टिमिटर लामा टुक्राहरू काटिन्छन्। यी कटिङहरूलाई "सेराडिक्स नम्बर १" (Seradix No.1) ले उपचार गरिन्छ, जुन जरा पलाउन प्रोत्साहन गर्ने जरा हर्मोन (rooting hormone) हुन सक्छ।

**उद्देश्य:** यो विधि बिरुवाका प्रजातिहरूको आनुवंशिक शुद्धता कायम राख्नका लागि सामान्यतया प्रयोग गरिन्छ। यसको अर्थ यसरी उत्पादन गरिएका नयाँ बिरुवाहरू मूल बिरुवासँग आनुवंशिक रूपमा समान हुन्छन्।

**रोप्ने (Transplanting):** एक महिना पुराना, ३-४ वटा साँचो पात (true leaves) भएका बिरुवाहरू छानिन्छन्। यी बिरुवाहरूलाई मुख्य खेतमा रोप्नका लागि तयार मानिन्छ



# ट्रे मा बेर्ना उत्पादन









प्लास्टिक ट्रे मा प्लग मिक्स (Plug Mix) प्रयोग गरि उत्पादित स्वस्थ विरुवा

# बेर्ना सार्ने उपयुक्त समय




| | |
|---|---|
| बेर्नाको दिन | १५-२० दिन |
| पहिलो पात को संख्या | ४-५ पात |
| उपयुक्त समय | साँझपख (घाम धेरै नभयको बेला) |
| बेर्ना रोप्ने खाल्डोको गहिराई | ४-५ सेमी |

# रोप्नको लागि तयार बिरुवा





# जग्गा तयारी



- सयपत्रीको जात र मौसम अनुसार लगाउने दुरीमा फरक पर्ने भएतापनि साधारणतय लाईन देखि लाईन ५० से.मी. र बोट देखि बोट ४०-५० से.मी. को दुरीमा लगाउन उपयुक्त हुन्छ । गर्मी मौसममा बोटको बृद्धि विकास बढी हुने र जाडो मौसममा कम हुने भएकोले गर्मी मौसममा केही बढी र जाडोमा केही कम दुरीमा बेर्ना सार्नु पर्दछ ।



# रोप्नको लागी जग्गाको तयारी



- ३० सेन्टीमिटर गहिरोसम्म माटोलाई राम्रोसगं जोत्ने
- सयपत्रीले राम्रोसँग पानी निकास हुने जमिन मन पराउछ
- जमिनलाई ३-५ दिन सम्म घामबाट निर्मलिकरण गर्नुपर्छ

❖ **लगाउने दुरी**

- ६५-७० सेमी दूरी सहित १ पंक्ति रोपण सिफारिश





- **मलचिंग पाल्स्टिक र थोपा सिंचाई** : झार नियन्त्रण गर्ने र श्रम लागत घटाउने



ड्यान्ग चौडाइ र ड्यान्ग बीचको - दुरी

एक पंक्ति : ड्यान्ग चौडाइ ६० - ६५ से मि
ड्यान्ग 75-80 cm

बिरुवा बीच को दुरी

**गर्मि मौसम ७० से मि**

बर्खा मौसम ६० से मि

जाडो मौसम ५० से मि

•सयपत्री बिरुवा सजिलै सग रोप्न सकिन्छ

•बिरुवा रोप्ने बेला यो ठाडो र कम्तिमा ३-५ पात भएको हुनुपर्छ

•मसिनो, अग्लो बिरुवा कम्जोर हुने भएकोले उपयुक्त हुदैन

•धेरै छिप्पिएका बिरुवा पनि उपयुक्त हुदैन

•राम्रो सग सम्याएको जमिनमा, बिरुवा रोपेपछि हावा नरहने गरि अठ्याउनु पर्दछ

•बिरुवा रोपेपछि हल्का सिचाई दिनु उपयुक्त हुन्छ

•दुरी तथा लाइन मिलाएर खेति गर्दा फुलको गुणस्तर र उत्पादन बढ्छ

बिउ संख्या : ३५० – ४०० बिउ प्रति ग्राम

तापक्रम : २२ – २४ डी से

बिरु राखेपछी रोप्ने दिन :१५-२० दिन

माटोको पी एच : ६.५ - ७

रोपेपछि पहिलो फुल: ६५ – ७० दिन **

**माथिको बिषयबस्तु जात, दिनको लम्बाई र तापक्रममा निर्भर रहन्छ





One Row



Two Row

1. राम्रो संग कुहिएको कम्पोस्ट मल प्रति रोपनी २००० केजी को दरले प्रयोग गर्नुपर्दछ
2. सो को साथै नाइट्रोजन, फस्फोरस र पोटास प्रति रोपनी ५ केजी, ३.५ केजी र ३.५ केजी आवश्यक पर्दछ
3. मल प्रयोग गर्दा आधा भाग नाइट्रोजन तथा पोटास र फस्फोरस बिरुवा रोप्ने समयमा प्रयोग गर्ने
4. बाकि आधा नाइट्रोजन बिरुवा रोपेको ३० –४० दिन पछी प्रयोग गर्ने
5. फुलको गुणस्तर त उत्पादनको लागि जिंक तथा बोरन आवश्यक पर्दछ त्यसैले सुक्ष्ण खाध्य तत्वको प्रयोग गर्ने

# खाद्यतत्वको व्यवस्थापन

| क्र. सं. | सुक्ष्म खाद्य तत्वको नाम | प्रयोग गर्ने अवस्था | किन प्रयोग गर्ने ? |
|---|---|---|---|
| १ | ह्युमिक एसिड | नर्सरी अवस्थामा / बिरुवा सारेपछि | जराको वृद्धि विकाशको लागि |
| २ | १९: १९: १९ | वानस्पतिक अवस्थामा | विरुवाको उपयुक्त वानस्पतिक विकाशको लागि |
| ३ | क्याल्सियम बोरोन | कोपिला लाग्न सुरु भए पछि | फूलको संख्या बढाउन, फूल च्यातिने समस्या रोक्नको लागि |
| ४ | म्यामथ स्पा | कोपिला लाग्न सुरु भए पछि | तनाब कम गर्न, फूलको संख्या बढाउन, छिटो फुलाउनको लागि |
| ५ | जिन्क | वनस्पतिक अवस्थामा | विरुवा हरियो बनाउन, रोग संग लड्ने शक्ति बढाउन, फूलमा चमक ल्याउनको लागि |


## पिन्चिङ/ मुन्टा चुँड्ने कार्य

- बोट अग्लो हुने अफ्रिकन सयपत्रीमा टुप्पा चुड्ने कार्य गर्नु पर्दछ जसले गर्दा शीर्ष प्रधान्यता (Apical dominance) हट्न गई हाँगाहरुको संख्या बढ्न जान्छ र फूलहरुको संख्या समेत बढ्दछ । पिन्चिङ गर्नाले बोट चारैतिर फैलने र बोट होचो हुने भई एकैनासका गुणस्तरीय फूल उत्पादन लिन सकिन्छ ।
- बेर्ना सारेको १२-१५ दिन पछि अथवा बोटमा ३ जोडी पात भएको अवस्थामा दोश्रो जोडी पात निस्किएको आँख्लाको ठीक माथिबाट बोटको टुप्पा चुडि हटाईदिनु पर्दछ ।
- बढी मलिलो जमिन तथा उचित व्यवस्थापनमा गरिएको सयपत्री खेतीमा पहिलो पटक पिन्चिङ गरिएको १०-१२ दिन पछि दोश्रो पिन्चिङ गर्दा उपयुक्त हुन्छ ।
- विभिन्न अनुसन्धानहरुको प्रतिवेदन अनुसार एक पटक मात्र पिन्चिङ गर्ने हो भने विरुवाको उचाई १ फिट भए पश्चात् गर्दा उपयुक्त देखिएको छ ।

# पिन्चिंग/मुन्टा चुँड्ने

पिन्चिंग / मुन्टा चूँड़ने एउटा छाँट्ने विधि हो जुन सामान्य रूपमा बिरूवाहरूमा हाँगा लाग्न प्रोत्साहित गर्न र फूलहरूको संख्या बढाउन प्रयोग गरिन्छ

** मुन्टा चुँड्ने समय : बेर्ना सारेको १० - १५ दिन पछि अथवा तिन जोडी पात भएको अवस्थामा



# सिचाई







# थाग्रा व्यवस्थापन








७० दिनमा फूलहरु टिप्नको लागि तयार

# सयपत्री खेती सम्बन्धि कार्य तालिका

| दिन | गतिविधि |
| --- | --- |
| ० | जमिनको तयारी सुरु गर्ने (३० से. मि. को गहिराइ सम्म राम्ररी जमिन खनजोत गर्ने) |
| ० | पिटमस प्रयोग गरी ट्रेमा सयपत्रीको बिउ खसाउने |
| ० | राम्ररी डल्ला फुटाएर १ मिटर चौडाई र २५ - ३० से. मी. उचाइको ड्याङ्ग तयार गर्ने |
| ० | ड्याङ्गमा माटोलाई भुर्भुराउदो बनाई पि. एच. (६.५ - ७.५) समेत मिलाउने प्रांगारिक प्रदार्थ युक्त मलहरु जस्तै अकानी र कर्मा बायो का साथै अन्य रासायनिक मलहरु एस. एस. पी. र पोटास प्रयोग गर्ने |
| ० | ड्याङ्गमा थोपा सिंचाइ बिछ्याउने र प्लास्टिक मल्चिङ गर्ने |
| ० | मल्च माथि ६० – ७० से. मि. को दुरीमा प्वालहरु पार्ने |
| १ | ट्रेमा तयार भएको २० दिनको ३ - ४ पाते बेर्ना सार्ने |
| २ | कीराहरु बाट हुने क्षति कम गर्न पहेंलो / निलो कीरा टाँस्ने च्यापच्यापे पासो प्रयोग गर्ने |
| ८ - १० | विरुवा हुर्किसकेपछि लड्न नदिन ड्याङ्गको दुवै तर्फ आवश्यकता अनुसार डोरीको फेरो बनाउने |
| १५ | ३ जोडी पात आए पश्चात, दोस्रो आँख्लाको भागबाट पिन्चिंग गर्ने (मुन्टा चुड्ने) |
| २० - २२ | जरा वृद्धि गर्न र बोट बलियो गराउन बोटको तल्लो भागमा माटो चढाउने |
| ४२ | पहिलो टपड्रेसिङ्ग गर्ने |
| ६० | दोस्रो टपड्रेसिङ्ग गर्ने |
| ६५ - ७० | पहिलो फूल फुल्ने (५०% विरुवामा) |
| ७५ | पहिलो टिपाई |
| ८० | दोश्रो टिपाई (पहिलो टिपाईको ५ दिन पश्चात) |
| प्रत्येक हप्ता | बोटको अवस्था हेरेर आवश्यकता अनुसार रोगकीराको प्रकोप भए कीटनाशक, ढुसीनाशक र खाद्यतत्वको कमी भए विभिन्न तवरबाट खाद्यतत्वहरुको प्रयोग गर्ने |


KARMA
Since 2001
Group
जीवनको हरेक दिन सयपत्री फूलबाट सुरुवात गरौँ

# रोग किरा को व्यवस्थापन

# रोग किरा को व्यवस्थापन

| कीरा | व्यवस्थापन |
|---|---|
| थ्रिप्स, लाही, सेतो पुतली | निटेनपाइराम १०% एस.एल. (०.५ -१.०) मि.ली. प्रति लिटर पानीमा मिसाएर छर्कने र त्यसको ७ दिन पछि एसिटामाप्रिड ५०% डब्लु.डी.जी.(०.५ -१.०) ग्रा. प्रति लिटर पानीमा मिसाएर छर्कने |
| पात खन्ने कीरा | साइरोमाजिन ७०% डब्लु.पी. ०.५ -१.० ग्रा. प्रति लिटर पानीमा मिसाएर ७ दिनको फरकमा छर्कने |
| गभारो र झुसिल्किरा | किङ्गस्टार (ईमामेक्टिन बेन्जोईड्स ५% डब्लु.एस.जी.) ५ -१० ग्रा. प्रति १६ लिटर पानीमा मिसाएर ७ देखि १४ दिनको फरकमा छर्कने |
| सुलसुले | जैविक कीटनाशक (खनिज तेल ९९% ई.सी.) १ -२ मि.ली. प्रति लिटर पानीमा मिसाएर ७ देखि १४ दिनको फरकमा पात भिज्ने गरी बिहानी वा बेलुकीपख छर्कने |
| कीराको अनुगमन र ब्यवस्थापनको लागि कीरा टाँस्ने च्यापच्यापे पासो तथा मोहनी पासो (लीउर) प्रयोग गर्ने | |

| रोग | व्यवस्थापन |
|---|---|
| बेर्ना कुहिने रोग | नर्सरी ब्याडमा रहेको अवस्था र बेर्ना सारेको ३ दिनमा माटोलाई किङ्गसिन एम् (थायोफानेट मिथाइल ७०% डब्लु.पी.) २ -४ ग्रा. प्रति लिटर पानीमा मिसाएर ७ दिनको फरकमा ड्रेन्चिङ्ग गर्ने |
| पातको थोप्ले रोग | किङ्गमिल ७२% डब्लु.पि. (म्यान्कोजेब ६४% + साईमोक्जानिल ८%) २ -५ ग्रा. प्रति लिटर पानीमा मिसाएर छर्कने र त्यसको ७ दिन पछि किङ्गब्याक्ट (थायोडाएजोल कप्पर २०% एस.सी.) २ मि.ली. प्रति लिटर पानीमा मिसाएर छर्कने |
| फूल कुहिने रोग | किङ्गस्टिभल (डाईमेथोमर्फ ५०% डब्लु.डी.जी.) १.५ -३.० ग्रा. प्रति लिटर पानीमा मिसाएर रोगी वोटहरुमा छर्कने |
| ब्याक्टेरीयाको कारण ओइलाउने रोग | किङ्गब्याक्ट (थायोडाएजोल कप्पर २०% एस.सी.) २ मि.ली. प्रति लिटर पानीमा मिसाएर ७ देखि १४ दिनको फरकमा छर्कने |

# थ्रिप्स





- साना / कलिला पातहरु चुसेर पातको आकार बिगारिदिन्छन्
- यस किराले भाइरस पनि सार्दछ


Thrips / Order Thysanoptera
Frankliniella Occidentalis
Insect Pest of Marigolds
Thrips



# थ्रिप्स

## व्यवस्थापन

- बगैंचा र ओरपराका झारहरु नस्ट गरि बगैंचा लाइ सफा राख्ने
- थ्रिप्स निलो पासोमा आर्कषित हुने हुँदा थ्रिप्सको अनुगमन र व्यवस्थापनको लागि कर्मा निलो च्यापच्यापे पासो मा कर्मा थ्रिप्स लियुर को प्रयोग गर्ने
- किङ्गगार्ड (निटेनपाइरम १०% एस.एल.) ०.५ – १.० मि.ली. प्रति लिटर पानीमा मिसाएर छर्किने र त्यसको ७ दिन पछि किङ्गरकेट (एसिटामिप्रिड ५०% डब्लु.डि.जी.) ०.५ – १.० ग्रा. प्रति लिटर पानीमा मिसाएर छर्किने ।




कर्मा निलो च्यापच्यापे पासो



कर्मा थ्रिप्स लियुर




०.५ - १ मि.ली प्रति लिटर

पर्खने अवधि - ७ दिन




०.५ - १ ग्रा. प्रति लिटर

पर्खने अवधि - ७ दिन

# पात खन्ने कीरा (लीफ माइनर)



- वयस्क पोथी झिंगाले पात छेडेर अन्डा पार्छ । पछि अन्डाबाट लार्भा निस्कन्छ । लार्भाले पातको भित्री पत्र खाई लेखेको जस्तो आकार बनाउछ
- पुराना पातहरू प्राय: संक्रमित हुन्छन्

- पात खन्ने कीरा पहेंलो पासोमा आर्कषित हुने हुँदा कीराको अनुगमन र व्यवस्थापनको लागि कर्मा पहेंलो च्यापच्यापे पासो प्रयोग गर्ने
- किङ्गहन्टर (साइरोमाजिन ७०% डब्लु.पी.) ०.५ – १.० ग्रा. प्रति लिटर पानीमा मिसाएर ७ दिनको पफ्रकमा छर्किने




कर्मा पहेंलो च्यापच्यापे पासो




०.५ - १.० ग्रा. प्रति लिटर


पर्खने अवधि - ३ दिन

# गभारो / झुसिल्किरा





- कोपिला लाग्ने र फूल फूल्ने समयमा गभारो / झुसिल्किरा ले कलिला पातहरु र साना कोपिलाहरू खान्छन्




५ - १० ग्रा. प्रति १६ लिटर

पर्खने अवधि - ३ दिन

- बगैंचा र ओरपराका झारहरु नस्ट गरि बगैंचा लाइ सफा राख्ने
- किङ्गस्टार (ईमामेक्टिन बेन्जोईड्स ५% डब्लु.एस.जी.) रसायनिक विषादी प्रयोग गर्दा ५ – १० ग्रा. विषादी प्रति १६ लिटर पानीमा मिसाएर ७ देखि १४ दिनको अन्तरालमा छर्कने ।

# बेर्ना कुहिने रोग



- बेर्ना अवस्थामा माटो नजिक को डांठको भाग कुहिएर सुक्छ र बेर्ना मर्छ

## व्यवस्थापन

- पानी जम्न नदिने, पानीको निकास को व्यवस्था गर्ने र माटोमा चिस्यान नियन्त्रण गर्ने
- नर्सरी ब्याडमा रहेको अवस्था र बेर्ना सारेको ३ दिन मा माटोलाई विषादिले ड्रेन्चिङ्ग गर्ने:

किङ्गसिन एम् (थायोफानेट मिथाइल ७०% डब्लु. पि) २-४ ग्राम/ लि, ७ दिनको फरकमा (रक्षात्मक र उपचारात्मक उपाय)




२-४ ग्रा. प्रति लिटर

पर्खने अवधि - ७ दिन

# पातको थोप्ले र डढुवा रोग (Leaf spot and blight)

सयपत्रीको पात तथा डाँठमा गोलाकार वा अनियमित आकारको चक्का चक्का भएको खैरो धब्बा लाग्दछ । पछि ती थोप्लाहरु बढ्दै जान्छन् र पात सुकेर झर्दछ ।

**व्यवस्थापन**

- उचित मलखाद र सिंचाई प्रयोग गरि स्वस्थ र बलियो बोट हुर्काउने।
- स्वस्थ बीउको प्रयोग, बीउ उपचार गर्ने।
- रोग निरोधक जात लगाउने।
- खेतबारीको सरसफाईमा ध्यान पुर्‍याउने ।





# सेतो ढुसी पाउडरी मिल्ड्यु(Powdery mildew)

रोगी बोटका पातहरुमा सेतो खरानी छरे जस्तो पाउडरहरु देखिन्छ ।

**व्यवस्थापन**

- खेतबारी सफा राख्न रोग लागेको पातहरू र झारहरू नष्ट गर्ने।
- रोग संक्रमित पातहरु र झारहरु नष्ट गर्ने, सरसफाईमा ध्यान दिने।
- ढुसीनाशक विषादी डिनोकाप (काराथेन) ४८% ईसि १ देखि २ मिलि प्रति लिटर पानीमा मिसाई छर्ने वा थायोफेनेट मिथायल ७५% डब्लु पि १ देखि २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने। वा एजोअक्सिस्ट्रोबिन २३% एससि १ मिलि प्रति लिटर वा ट्राईफ्लोक्सिस्ट्रोबिन २५% + टेबुकोनाजोल ५०% डब्लुजी १ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।



# फूल कुहिने / बोट्राईटिस रट (Flower rot)

फूलको पुष्पदलहरुमा सानो सानो खैरो पानीले भिजेको जस्तो दाग देखिन्छ जुन पछि सुकेर मर्दछ ।

**व्यवस्थापन**

- खेतवारीको सरसफाईमा ध्यान दिने।
- मरेका र सुकेका हांगाविंगा, पातहरू वोट र खेती वरपरबाट हटाउने।
- रसायनिक विषादी म्यान्कोजेव ७५% डब्लुपि २ ग्राम प्रति लिटर पानीमा वा प्रोपिनेव ७५% डब्लु पि २ ग्राम प्रति लिटर पानीमा वा साइमोक्सानिल ८% + म्यान्कोजेव ६४% डब्लु पि १ देखि २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने ।



# फूल कुहिने रोग



- मुख्यतया फूलहरूको केही भिजेको पत्रहरूमा प्रभाव पार्छ। भिजेका पत्रहरु कुहिएर खैरो भई सम्पूर्ण पत्रहरुमा सर्दछ। अन्तमा सम्पूर्ण बोट मर्दछ
- वर्षा याम मा बढी प्रभाव पार्छ

## व्यवस्थापन

- रोग लागेका फूलहरुलाई तत्काल टिपेर नस्ट गर्ने
- बोटको माथि बाट सिंचाई नगर्ने, फूललाई भिज्न बाट जोगाउने
- किङ्गस्टिभल (डाईमेथोमर्फ ५०% डब्लु.डि.जि.) १.५ – २.० ग्राम / लिटर पानीमा मिसाई रोगी वोटहरुमा छर्ने




१.५–२.० ग्राम / लिटर

पर्खने अवधि - ७ दिन

# फूल कुहिने रोग





# ढुसीजन्य ओइलाउने रोग (Fungal wilt)

रोगी बोटहरुका तल्ला पातहरु शुरुमा ओईलाउँछन् र विस्तारै माथिल्ला पातहरु ओईलाउँदै जान्छन् र अन्तमा मर्छन् ।

**व्यवस्थापन**

- रोग रहित बीउ, रोग निरोधक जात प्रयोग लगाउने, बीउ र माटोको उपचार गर्ने, पानीको उचित निकास गर्ने, वाली चक्र अपनाउने, नर्सरीमा पुराना बालीको अवशेष नष्ट गर्ने, रोग लागि सकेको बोट उखेलेर नष्ट गर्ने, उचित मात्रामा मलखाद र सिंचाई प्रयोग गर्ने, जरामा चोट पटक नलगाउने।



- जैविक विषादी ट्राईकोडर्मा ५ देखि १० ग्राम प्रति लिटर पानीमा मिसाई ड्रेन्चिङ्ग गर्ने ।
- बचाउका लागि बेर्ना सार्नु अगाडी ढुसीनासक विषादी कार्बेन्डाजिम ५०% डब्लु पि २ ग्राम प्रति लिटर पानीको घोलमा जरा डुबाएर बेर्ना उपचार गरि रोप्ने।
- कार्वेन्डाजिम ५०% डब्लु पि २ ग्राम प्रति लिटर पानी वा कार्वेन्डाजिम १२% डब्लु पि + म्यानकोजेव ६३% डब्लु पि २ ग्राम प्रति लिटर पानी मिसाई ड्रेन्चिङ्ग गर्ने ।

# व्याक्टेरियाजन्य ओइलाउने रोग (Bacterial wilt)

रोग लागेका बोटहरु माथिबाट तलतिर ओईलाउँदै गएर मर्छन् ।

**व्यवस्थापन**



- ढुसीजन्य ओईलाउने रोग व्यवस्थापनमा उल्लेख भए जस्तै रोग लाग्नै नदिन सतर्कता अपनाउने ।
- व्याक्टेरिया नभएको जमिनमा मात्र बेर्ना लगाउने।
- बचाउका लागि कपरअक्सिक्लोराईड ५०% डब्लु पि २ ग्राम प्रति लिटर पानीमा मिसाई ड्रेन्चिङ गर्ने वा १ ग्राम स्ट्रेप्टोमाईसिन सल्फेट + टेट्रासाईक्लिन हाईड्रोक्लोराईड १००% एस पि प्रति ३ देखि ५ लिटर पानीमा मिसाई प्रयोग गर्ने ।

# ब्याक्टेरिया को कारण ओइलाउने रोग



- बोटको माथिबाट तलसम्म ओइलाउदै जान्छ । डांठको भित्रि भाग खैरो हुन्छ।

## व्यवस्थापन

- रोगि बिरुवाहरु तत्काल बगैंचाबाट हटाउने
- किङ्गब्याक्ट (थायोडाएजोल कप्पर २० % एस. सि) २ मि.लि / लिटर को दरले ७-१४ दिनको फरकमा छर्ने (रक्षात्मक र उपचारात्मक उपाय)




२ मि.लि / लिटर

पर्खने अवधि - ७ दिन

# फूलको असामान्य आकार



- सुक्ष्म खद्यतत्व (विशेष गरी क्याल्सियम र बोरोन) को कमीले फूलको आकार बिग्रिंदछ

व्यवस्थापन

- मामोथ क्यालसियम बोरोन १-२ मि. लि. / प्रति लि. पानीमा मिसाई प्रत्येक ७ देखि १४ दिनको फरकमा छर्ने



## फूलको टिपाई तथा उत्पादन

- राम्री फक्रेर पुरा साईजको भएपछि मात्र फूल टिप्नु पर्दछ । माला बनाउने प्रयोजनको लागि ७५% पुष्पदल फक्रिएको फूल सबैभन्दा उपयुक्त मानिन्छ । सयपत्री फूल फक्रदाको विभिन्न चरणहरु यसै पुस्तिकाको पछाडी कभर पेजमा सचित्र प्रस्तुत गरिएको छ ।
- फूल टिप्नु अघि खेतमा राम्ररी सिंचाई गरेमा फूल टिपेपछि लामो समयसम्म ताजा रहन्छ ।
- फूलको गुणस्तर राम्रो बनाइ राख्न घाम अस्ताएपछि वा बिहान घाम नलाग्दै शीत ओभाएपछि टिप्नु उपयुक्त हुन्छ ।
- वर्णशंकर जातहरु जस्तै टेनिस बल, कर्मा- ५५५, इन्का आदि जातको सयपत्री थुंगा एकै साईजको फूल्ने भएकोले मालाको लागि एकदमै उपयुक्त मानिन्छ । खुला सेचित जातमा कलकत्ता जातलाई मालाको लागि राम्रो मानिन्छ ।
- फूलको सरदर उत्पादन प्रति रोपनी ६०० - ७०० के.जी. हुन्छ ।
- एक के.जी. फूलबाट सालाखाला ३-४ वटा माला बनाउन सकिन्छ ।
- खुला फूल बिक्री वितरण गर्नुभन्दा माला बनाएर बिक्री वितरण गर्दा कृषकको आम्दानी ३०-४०% सम्म बढी हुने पाईएको छ ।

## सयपत्री फूल भण्डारण

- सयपत्री फूललाई तापक्रम र आद्रता मिलाएर भण्डारण गर्न सकिएमा ३-४ हप्तासम्म सुरक्षित राख्न सकिन्छ ।
- भण्डारण गरिने फूल राम्रोसँग फक्रि सकेपछि (कम्तिमा ७५% पुष्पदल फक्रिएका) मात्र टिप्नु पर्दछ ।
- खुला रुपमा भण्डारण गरि पछि माला बनाउँदा बढी क्षति हुने भएकोले पहिले माला बनाई भण्डारण गर्न उपयुक्त हुन्छ ।
- भण्डारणको लागि ८-१० वटा मालाहरुको बण्डल बनाउने र एउटा ठूलो प्लाष्टिकको झोला लिई त्यसको पिंधमा पत्रिका राख्ने र त्यसमाथि मालाको बण्डल राख्ने र फेरी पत्रिका राख्ने र फेरी मालाको बण्डल राख्ने । एवं प्रकारले ५ बण्डल नहुँदासम्म माला राख्ने र सबैभन्दा माथि पत्रिकाले छोपेर प्लाष्टिक झोला भित्र हावा भरिने गरि प्लाष्टिक झोला बन्द गर्ने । प्लाष्टिकभित्रको हावाले कुसनको काम गर्ने हुनाले ढुवानी गर्दा फूललाई चोटपटक लाग्न पाउँदैन ।
- भण्डारण गर्दा करिब ८-१२ डिग्री सेल्सियस तापक्रम र ९०-९५% सापेक्षिक आद्रतामा माला राख्दा ३-४ हप्तासम्म सुरक्षित राख्न सकिन्छ ।
- कोल्ड स्टोरबाट माला निकाल्दा निकाल्नु अघिल्लो दिनबाट विस्तारै तापक्रम बढाएर १५-२० डिग्री सेल्सियससम्म पुर्‍याउने र आद्रता बढि भएमा घटाएर ८०-९०% पुर्‍याउने ।
- आद्रता बढी भएमा कोल्डस्टोरबाट निकाल्नासाथ फूलबाट हुने पानीको निष्कासन (Transpiration loss) बढी हुन गई फूल छिटो ओईलाउँछ ।
- फूल छायाँदार ठाउँमा फिंजाएर राखि बिक्री वितरण गर्ने ।
- कोल्डस्टोरबाट निकालिसकेपछि पुन प्लाष्टिकमा प्याकेजिङ गर्नु परेमा प्लाष्टिकमा ठाउँ ठाउँमा हावा छिर्ने प्वाल पारिदिने ।






10/28/2024 09:43